# प्रदेश राजपत्र


कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, भाद्र ३० गते, २०८२ साल (अतिरिक्ताङ्क १६


## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको ऐन नं. ७

# <u>कोशी प्रदेश तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको ऐन, २०८२</u>

<u>प्रस्तावना:</u> प्रदेशको तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्न, तथ्याङ्कमा आधारित प्रदेश र स्थानीय तहको नीति निर्माण र नीति कार्यान्वयनलाई थप प्रभावकारी बनाउन एवम् संघ तथा स्थानीय तहसँगको समन्वयमा तथ्याङ्क सम्बन्धी कार्य गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"कोशी प्रदेश तथ्याङ्क ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"आयोग"** भन्नाले प्रदेश योजना आयोगलाई सम्झनु पर्छ।

(ख) **"कम्प्युटर डाटाबेस"** भन्नाले कम्प्युटर वा कम्प्युटर नेटवर्क प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि, ध्वनि वा श्रव्य-दृश्यमा औपचारिक तवरले तयार गरिएको सङ्ख्यात्मक विवरण, तथ्याङ्क, सूचना, नक्सा वा अवधारणा सम्झनु पर्छ।

(ग) **"गणना"** भन्नाले कुनै पनि विषयको तथ्यपूर्ण जानकारी प्राप्त गर्न सम्बन्धित एकाईको पूर्ण रुपमा तथ्याङ्क सङ्कलन गर्ने विधि वा प्रक्रिया सम्झनु पर्छ।

(घ) **"तथ्याङ्क"** भन्नाले आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लगत वा सूचना सम्झनु पर्छ र सो शब्दले त्यस्ता विवरण, लगत वा सूचनाको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

व्यवस्थित सङ्कलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार गरिएको सङ्ख्यात्मक प्रस्तुतिलाई समेत जनाउँछ।

(ङ) **"तथ्याङ्क सम्बन्धी कार्य"** भन्नाले तथ्याङ्क उत्पादन, सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण, प्रकाशन वा वितरणलाई सम्झनु पर्छ।

(च) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) **"निर्धारित तथ्याङ्क"** भन्नाले कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाले गर्ने भनी निर्धारण गरिएको तथ्याङ्क वा तथ्याङ्क सम्बन्धी कार्यलाई सम्झनु पर्छ।

(ज) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(झ) **"विद्युतीय अभिलेख"** (इलेक्ट्रोनिक रेकर्ड) भन्नाले विद्युतीय स्वरूपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, वेवपेज, छवि वा ध्वनि सम्झनु पर्छ।

(ञ) **"समिति"** भन्नाले दफा १८ बमोजिमको प्रदेश तथ्याङ्क समिति सम्झनु पर्छ।

(ट) **"सरकारी निकाय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय सम्झनु पर्छ।

(ठ) **"सर्वेक्षण"** भन्नाले कुनै विषयको गतिविधि, प्रयोग र प्रवृत्ति सम्बन्धी तथ्यपूर्ण जानकारीको लागि नमुना छनौट गरी तथ्याङ्क सङ्कलन गरिने विधि वा प्रक्रिया सम्झनु पर्छ।

(ड) **"सार्वजनिक संस्था"** भन्नाले देहायका संस्था सम्झनु पर्छः-

(१) प्रचलित संघीय, प्रदेश वा स्थानीय कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, कम्पनी, बैङ्क, समिति वा यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारद्वारा सञ्चालित वा नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र वा अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(४) उपखण्ड (१), (२) वा (३) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था,

(५) नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था।

(ढ) **"सूचित आदेश"** भन्नाले कुनै खास तथ्याङ्क सम्बन्धी कार्यका लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेश सम्झनु पर्छ।

(ण) **"संस्था"** भन्नाले सार्वजनिक, निजी, गैरसरकारी वा सहकारी संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## तथ्याङ्क सङ्कलन तथा प्रकाशन

३. **प्रदेश तथ्याङ्क प्रणाली स्थापना गर्ने:** (१) यस ऐन तथा प्रचलित कानुन बमोजिम आयोग, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

गरेको प्रादेशिक तथ्याङ्कको एकीकृत प्रणालीको रूपमा प्रदेश तथ्याङ्क प्रणाली स्थापना गरिनेछ।

(२) सरकारी निकायबाट प्रदान गरिने सेवा प्रवाहका लागि तयार गरिने विद्युतीय वा भौतिक अभिलेखलाई अन्तरप्रणाली आबद्धता गरी त्यस्तो फारम वा अभिलेखबाट प्राप्त तथ्याङ्कलाई प्रदेश तथ्याङ्क प्रणालीमा आबद्ध गर्न सकिनेछ।

(३) प्रदेशका सरकारी निकायबाट दोहोरो तथ्याङ्क सङ्कलन नहुने गरी नेपाल सरकार तथा स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क वा राष्ट्रिय रुपमा सङ्कलन हुने तथ्याङ्कलाई प्रदेश तथ्याङ्क प्रणालीमा आवश्यकता अनुसार समावेश गर्न सकिनेछ।

(४) आयोगले प्रदेश तथ्याङ्क प्रणालीको व्यवस्थापन र सो प्रणालीमा आबद्ध निकायबीच समन्वय कायम गर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निजी संस्थाले दफा ८ बमोजिम अनुमति लिएर सङ्कलन गरेको तथ्याङ्क दफा ९ बमोजिम आयोगबाट प्रमाणित गराएमा त्यस्तो तथ्याङ्कलाई प्रदेश तथ्याङ्क प्रणालीमा समावेश गर्न सकिनेछ।

(६) स्थानीय तहको तथ्याङ्कलाई प्रदेश तथ्याङ्क प्रणालीमा र प्रदेशको तथ्याङ्कलाई राष्ट्रिय  तथ्याङ्क प्रणालीमा आवद्ध गरिनेछ।

(७) प्रदेश तथ्याङ्क प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

४. <u>तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तरको प्रयोगः</u> (१) यस ऐन बमोजिम तथ्याङ्क सम्बन्धी कार्य गर्दा तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तर बमोजिम गर्नु पर्नेछ।

(२) आयोग, सरकारी निकाय, अन्य संस्था लगायत तथ्याङ्क उत्पादनकर्ताले आफूले उत्पादन गर्ने तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तर निर्धारण गर्ने प्रयोजनका लागि आवश्यक मस्यौदा तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालय समक्ष पेस गर्नुपर्नेछ।

(३) तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक तथा गुणस्तरको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **<u>तथ्याङ्क सङ्कलन गर्ने:</u>** (१) प्रदेश सरकारले कुनै विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचित आदेश बमोजिम आयोगले वा प्रदेशको मन्त्रालयले कुनै व्यक्ति, घर परिवार, संस्था वा सरकारी निकायसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्न सक्नेछ। त्यस्तो तथ्याङ्क सङ्कलन गर्न आयोग वा सम्बन्धित मन्त्रालयले आवश्यक सङ्ख्यामा कर्मचारी खटाउन सक्नेछ।

(३) आयोग, प्रदेशको मन्त्रालय वा निर्धारित तथ्याङ्क सम्बन्धी कार्य गर्ने सरकारी निकायले कुनै व्यक्ति, घर परिवार, संस्था वा सरकारी निकायलाई तिनीहरूको भोगचलन वा नियन्त्रणमा रहेको वस्तुको विवरण, लगत तथा अन्य सूचना वा तथ्याङ्क पेस गर्न लिखित सूचना दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको आदेश वा सूचना बमोजिमको तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिम गरिने तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>तथ्याङ्क परीक्षण गर्ने अधिकार:</u>** (१) आयोगको प्रदेश सचिव वा सम्बन्धित मन्त्रालयको प्रदेश सचिव वा निजले खटाएको अधिकृतले यस ऐन बमोजिम सङ्कलन भएको तथ्याङ्कको सत्यताको जाँचबुझ तथा परीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ तथा परीक्षण गर्दा परीक्षण गर्ने पदाधिकारी वा सम्बन्धित अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सङ्कलन भएको तथ्याङ्कको विश्वसनीयताको लागि त्यस्तो तथ्याङ्क सम्बन्धी विषयमा कुनै

व्यक्तिलाई थाहा छ भन्ने मनासिब आधार भएमा निजसँग प्रश्न सोध्ने,

(ख) सङ्कलन भएको तथ्याङ्क अपूर्ण भएमा वा सोको विश्वसनीयताको लागि थप तथ्याङ्क आवश्यक पर्ने भएमा पुनः तथ्याङ्क उपलब्ध गराउन सूचना दिने,

(ग) तथ्याङ्क उपलब्ध गराउनु पर्ने कर्तव्य भएको व्यक्ति, संस्था, परिवारको भोगचलन वा नियन्त्रणमा रहेको भवन, जग्गा वा कम्पाउण्डमा पूर्वसूचना दिई प्रवेश गर्ने।

७. <u>सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्न सक्ने:</u> (१) प्रचलित कानूनमा कुनै सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन सम्बन्धी कुनै कार्य गर्ने जिम्मेवारी तोकिएकोमा सो प्रयोजनको लागि त्यस्तो निकाय वा संस्थाले तथ्याङ्क सङ्कलनको कार्य गर्नेछ।

(२) यस ऐन बमोजिम तथ्याङ्क सम्बन्धी कार्य गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबीच आपसी समन्वय र सहकार्यमा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमका सरकारी निकाय वा संस्थाले सङ्कलन गरेको तथ्याङ्क प्रदेश तथ्याङ्क प्रणालीमा आबद्ध गरिनेछ।

(४) नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य संस्थाले सङ्कलन गरेको कुनै विषयको तथ्याङ्क प्रयोग गर्न उपयुक्त वा आवश्यक देखेमा आयोग, सम्बन्धित मन्त्रालय वा कार्यालयले त्यस्तो तथ्याङ्क प्रयोग गर्न सक्नेछ।

८. <u>अनुमति सम्बन्धी व्यवस्था:</u>(१) प्रदेशस्तरको वा जिल्ला तथा स्थानीयस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन, गणना वा सर्वेक्षण तथा प्रकाशन गर्न चाहने सरकारी निकाय वा संस्थाले आयोगबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको अवस्थामा यस दफा बमोजिमको अनुमति लिनु पर्ने छैनः-

(क) सरकारी निकाय वा सार्वजनिक संस्थाले प्रचलित कानून बमोजिम तथ्याङ्क सम्बन्धी कार्य गर्न,

(ख) आन्तरिक प्रयोजनको लागि तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न,

(ग) प्राज्ञिक वा निजी अध्ययन, अनुसन्धानको लागि प्रचलित कानुन बमोजिम तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न, वा

(घ) पाठ्यक्रममा आधारित शोधकार्यको लागि तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न।

(३) उपदफा (१) बमोजिम अनुमतिको लागि तथ्याङ्क सम्बन्धी कार्यको उद्देश्य, कार्यक्षेत्र, विधि र अनुमानित लागत सहित तोकिएको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त हुन आएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा त्यस्तो तथ्याङ्क सङ्कलन गर्न मनासिब देखिएमा त्यस्तो सरकारी निकाय वा संस्थालाई आयोगले तोकिए बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम अनुमति दिँदा आयोगले तथ्याङ्क सङ्कलन गर्दा अपनाउनु पर्ने विधि, प्रणाली वा अन्य आवश्यक शर्तहरू तोक्न सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्था र विषयमा तथ्याङ्क सङ्कलन सम्बन्धी कार्य गर्न आयोगले अनुमति दिने छैनः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) मुलुकको राष्ट्रिय हित, शान्ति सुरक्षा वा कुटनीतिक सम्बन्धमा प्रतिकूल असर पर्ने देखिएको,

(ख) आयोगले आफैं तथ्याङ्क सम्बन्धी कार्य गर्ने वा गराउने कार्यक्रम रहेको वा दफा ७ बमोजिमका सरकारी निकाय वा संस्थालाई तथ्याङ्क सङ्कलन गर्ने जिम्मेवारी तोकिएको,

(ग) नेपाल सरकारले सङ्कलन गरेको वा राष्ट्रिय तथा प्रादेशिक रुपमा सङ्कलन हुने तथ्याङ्कलाई नै प्रयोग गर्न सकिने भएको,

(घ) प्रचलित कानूनले निषेध गरेको।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सरकारी निकाय वा संस्थाले प्रचलित संघीय कानुन बमोजिम तथ्याङ्क सम्बन्धी कार्य गर्न अनुमति लिएमा सोही कार्यका लागि यस ऐन बमोजिम अनुमति लिनुपर्ने छैन। तर, त्यसरी लिएको अनुमतिको जानकारी आयोगलाई दिनुपर्नेछ।

९. <u>तथ्याङ्क प्रमाणित गराउनु पर्ने:</u> दफा ८ बमोजिम अनुमति प्राप्त गरी सङ्कलन गरिएको तथ्याङ्क प्रयोगमा ल्याउनु वा त्यस्तो तथ्याङ्कबाट प्राप्त नतिजा प्रकाशन गर्नु अघि आयोगबाट तोकिए बमोजिम प्रमाणित गराउनु पर्नेछ।

तर, निर्धारित तथ्याङ्कको कार्य गर्ने भनी तोकिएका निकायबाट सङ्कलन हुने तथ्याङ्कको हकमा आयोगबाट प्रमाणित गर्नुपर्ने छैन।

१०. <u>गोपनीयता सम्बन्धी व्यवस्था:</u> (१) यस ऐन बमोजिम तथ्याङ्क सम्बन्धी कार्य गर्दा व्यक्तिको परिचय वा व्यक्तिगत विवरण गोप्य राख्नु पर्नेछ र प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने वा सार्वजनिक गर्न नमिल्ने विषयमा समेत गोपनीयता कायम गर्नुपर्नेछ।

(२) यस ऐनको अधीनमा रही जुनसुकै स्रोत वा माध्यमबाट प्राप्त व्यक्तिगत तथ्याङ्कको गोपनीयता कायम गर्ने प्रयोजनको लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

त्यस्तो तथ्याङ्क प्रयोग गर्दा वा गराउँदा आयोग, सरकारी निकाय वा संस्थाले देहाय बमोजिम गर्नु, गराउनु पर्नेछः-

(क) त्यस्तो तथ्याङ्क तथा सो को कम्प्युटर डाटावेस, विद्युतीय अभिलेख वा कुनै अंश सामूहिक तथ्याङ्क सम्बन्धी प्रयोजनको लागि मात्र प्रयोग गर्ने, र

(ख) त्यस्तो तथ्याङ्क उपलब्ध गराउने व्यक्ति वा निजद्वारा अधिकारप्राप्त प्रतिनिधिको लिखित स्वीकृति बेगर सम्बन्धित अधिकारप्राप्त अधिकारी बाहेक अरू कसैलाई उपलब्ध गराउने, प्रकाशन गर्ने वा अन्य कुनै निकायमा प्रमाणको रूपमा पेस गर्ने कार्य नगर्ने।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम चल्ने मुद्दाको अनुसन्धान वा सुनुवाइको क्रममा अनुसन्धान अधिकारी वा अदालतले माग गरेमा त्यस्तो तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख उपलब्ध गराउन सो उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

११. <u>तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन गर्नेः</u> (१) यस ऐन बमोजिम आयोग, सरकारी निकाय वा संस्थाले सङ्कलन गरेको तथ्याङ्क प्रकाशन गर्न आवश्यक भएमा सम्बन्धित निकाय वा आयोगले प्रकाशन गर्न सक्नेछ।

(२) आयोग, सरकारी निकाय वा सार्वजनिक संस्थाबाट सङ्कलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजा प्रकाशन वा वितरण गर्दा प्रयोगकर्ता मैत्री हुने गरी गर्नु पर्नेछ।

१२. <u>तथ्याङ्क प्रशोधन, भण्डारण तथा वितरणः</u> (१) तथ्याङ्क सङ्कलन गर्ने सरकारी निकाय वा संस्थाले निश्चित समय सीमामा रही तथ्याङ्क प्रशोधन गर्नु पर्नेछ। तथ्याङ्क प्रशोधन गर्दा गणना तथा सर्वेक्षणका परिभाषित विधि, प्रक्रिया, स्वचालित वा नवीनतम प्रणालीको अवलम्बन गर्नु पर्नेछ।

(२) तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्क भण्डारण गर्दा निश्चित मानक र समकालीन तरिका अवलम्बन गरी सहजै प्रसारण गर्न सकिने र लामो समयसम्म नष्ट नहुने गरी भण्डारण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तथ्याङ्क भण्डारण गर्दा तथ्याङ्कीय उद्देश्य प्राप्त भएपछि व्यक्तिगत पहिचान खुल्ने विवरणहरू हटाई भण्डारण गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम सङ्कलन भएको तथ्याङ्क प्रयोग र वितरण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रचलित कानूनमा उल्लेख गरिएको बाहेक गणना, सर्वेक्षण वा प्रशासनिक अभिलेखबाट प्राप्त तथ्याङ्क पूर्णरूपमा तथ्याङ्क सम्बन्धी कार्यमा मात्र प्रयोग गरिने,

(ख) प्रयोगकर्ताले लिखितरूपमा माग गरेमा मात्र सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउन सकिने,

<u>स्पष्टीकरणः</u> यस दफाको र दफा १७ को उपदफा (१) को प्रयोजनको लागि "सुक्ष्म कोरा तथ्याङ्क" भन्नाले सूचकको पहिचान नखुल्ने गरी तयार गरिएको सूचक वा सूचनादाताबाट प्राप्त विवरण सम्झनुपर्छ।

(ग) खण्ड (ख) बमोजिम सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा तोकिए बमोजिमको सर्त पालना गर्ने गरी उपलब्ध गराइने,

(घ) सबै प्रकारका तथ्याङ्क प्रयोगकर्तालाई पहुँचयोग्य हुनु पर्ने, र

(ङ) तथ्याङ्क प्रयोगकर्ताले तथ्याङ्कको स्रोत अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(५) उपदफा (४) को खण्ड (ख) र (ग) बमोजिम गणनाको सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा आंशिक रूपमा मात्र उपलब्ध गराउन सकिनेछ।

(६) कुनै सरकारी निकाय वा संस्थाले आयोग समक्ष प्रदेश तथ्याङ्क प्रणालीमा रहेको तथ्याङ्क माग गरेमा आयोगले त्यस्तो तथ्याङ्क उपलब्ध गराउन सक्नेछ।

(७) आयोगले तथ्याङ्क प्रयोगकर्तालाई तोकिए बमोजिमको तथ्याङ्क उपलब्ध गराउँदा सोको लागतको आधारमा तोकिए बमोजिमको दस्तुर लिई उपलब्ध गराउनु पर्नेछ।

१३. <u>तथ्याङ्क सङ्कलक, उत्पादक र प्रयोगकर्ताको दायित्वः</u> (१) यस ऐन बमोजिम तथ्याङ्क सङ्कलन गर्नु अघि तथ्याङ्क सङ्कलकले उत्तरदातालाई तथ्याङ्क सङ्कलनको उद्देश्य, प्रयोजन र गोपनीयता सम्बन्धी विषयमा जानकारी गराउनु पर्नेछ।

(२) तथ्याङ्क सङ्कलकले तथ्याङ्क सङ्कलनको उद्देश्य विपरीत वा आफूखुशी तथ्याङ्क उल्लेख गर्न वा उत्तरदाताले दिएको तथ्याङ्कलाई फरक हुने गरी वा तोडमोड गरी सङ्कलन गर्नु हुँदैन।

(३) तथ्याङ्क सङ्कलकले तथ्याङ्क सङ्कलन गर्दा प्राप्त गरेको कुनै पनि व्यक्तिगत विवरण जुन उद्देश्यले तथ्याङ्क सङ्कलन गरिएको हो, सो बाहेक अन्यत्र प्रयोग गर्न वा कसैलाई उपलब्ध गराउन पाइने छैन।

(४) तथ्याङ्क उत्पादकले तथ्याङ्क उत्पादन वा प्रकाशन गर्दा र तथ्याङ्क प्रयोगकर्ताले तथ्याङ्क प्रयोग गर्दा सामाजिक तथा सांस्कृतिक सद्भाव र शान्ति सुव्यवस्थामा असर नपर्ने गरी गर्नु पर्नेछ।

१४. <u>प्रतिनिधित्व नहुने खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न नहुनेः</u> (१) यस ऐन बमोजिम कुनै स्थान वा क्षेत्र विशेषमा गणना वा सर्वेक्षण गरी सङ्कलन गरिएको तथ्याङ्कको आधारमा तथ्याङ्कीय प्रतिनिधित्व नभएको अन्य स्थान, क्षेत्र वा भौगोलिक वा प्रशासनिक एकाइको आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न पाइने छैन।

(२) यस ऐन बमोजिम एक भन्दा बढी स्थान वा क्षेत्र विशेषमा सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएकोमा समग्र तथ्याङ्कको आधारमा नतिजा तयार गर्न बाहेक सोको आधारमा कुनै खास स्थान वा क्षेत्रको मात्र आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न पाइने छैन।

## परिच्छेद-३

## स्थानीय तहबाट हुने तथ्याङ्क सङ्कलन

१५. स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्न सक्नेः (१) स्थानीय तहले प्रचलित कानून बमोजिम आफूलाई आवश्यक पर्ने तथ्याङ्क सम्बन्धी कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले तथ्याङ्क सम्बन्धी कार्य गर्दा तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तरको पालना गर्नु पर्नेछ र यस ऐन बमोजिमको व्यवस्था समेत पालना गर्नु पर्नेछ।

(३) स्थानीय तहले निजी क्षेत्र वा गैरसरकारी संस्था मार्फत् तथ्याङ्क सङ्कलन गर्दा दफा ८ बमोजिम आयोगबाट अनुमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले तथ्याङ्क सम्बन्धी कार्य गर्दा देहायको मापदण्ड समेत पालना गर्नु पर्नेछः-

(क) नेपाल सरकार वा प्रदेश सरकारले सङ्कलन गरेको वा राष्ट्रिय वा प्रादेशिक रूपमा सङ्कलन हुने तथ्याङ्कलाई नै प्रयोग गर्न सकिने भएमा त्यस्तो विषयमा तथ्याङ्क सङ्कलन नगर्ने,

(ख) तथ्याङ्क सम्बन्धी कार्य गर्दा सङ्घ, प्रदेश र स्थानीय तह बिच आपसी समन्वय र सहकार्यमा गर्नु पर्ने, र

(ग) सङ्कलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजा प्रकाशन वा वितरण गर्दा प्रयोगकर्ता मैत्री हुने गरी गर्नु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(५) स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क, प्रशासनिक वा विद्युतीय अभिलेख तथा फारामबाट प्राप्त भएको तथ्याङ्कलाई प्रदेश तथ्याङ्क प्रणालीमा आबद्ध गर्न सकिनेछ।

## परिच्छेद-४

## विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँच

१६. **विद्युतीय अभिलेखको प्रयोगः** (१) आयोग, दफा ७ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्था र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्कलाई विद्युतीय अभिलेखमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) यस ऐन बमोजिम अनुमति लिई कुनै सरकारी निकाय वा संस्थाले सङ्कलन गरेको तथ्याङ्कलाई विद्युतीय अभिलेखमा राख्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम राखिएको अभिलेखलाई प्रचलित कानून बमोजिम राखिएको विद्युतीय अभिलेखसँग तोकिए बमोजिम आवद्ध गराउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम आवद्ध गराइएको अभिलेखको प्रयोग र आधिकारिकता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **तथ्याङ्कमा पहुँचः** (१) आयोग वा दफा ७ बमोजिमका सरकारी निकाय वा संस्थाले सङ्कलन गरेको प्रशोधित वा सुक्ष्म कोरा तथ्याङ्कमा यस ऐन तथा प्रचलित कानुनको प्रतिकूल नहुने गरी विद्युतीय वा अन्य माध्यमबाट पूरै वा आंशिक रूपमा पहुँच उपलब्ध गराउन सकिनेछ।

(२) सेवा प्रवाह गर्ने निकाय वा प्रदेश तथ्याङ्क प्रणालीमा आबद्ध अन्य निकायमा रहेको व्यवस्थापन सूचना प्रणाली वा तथ्याङ्कको विद्युतीय अभिलेखमा आयोगको पहुँच रहनेछ।

(३) तथ्याङ्कमा पहुँच उपलब्ध गराउने विधि तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## प्रदेश तथ्याङ्क समिति

१८. **समितिको गठनः** (१) प्रदेश तथ्याङ्क प्रणालीको समुचित विकास गर्न र तथ्याङ्क सम्बन्धी कार्यको रेखदेख, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको प्रदेश तथ्याङ्क समिति रहनेछः-

(क) उपाध्यक्ष, प्रदेश योजना आयोग - अध्यक्ष

(ख) प्रदेश सचिव, प्रदेश योजना आयोग - सदस्य

(ग) पूर्वाञ्चल विश्वविद्यालयका तथ्याङ्कशास्त्रका प्राध्यापक वा सह-प्राध्यापक एकजना - सदस्य

(घ) तथ्याङ्क क्षेत्र हेर्ने महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेशका सबै मन्त्रालयहरू - सदस्य

(ङ) कार्यालय प्रमुख, तथ्याङ्क समन्वय कार्यालय, मोरङ - सदस्य

(च) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क, विराटनगर कार्यालय - सदस्य

(छ) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश - सदस्य

(ज) प्रदेश योजना आयोगका तथ्याङ्क क्षेत्र हेर्ने महाशाखा प्रमुख (उपसचिव) - सदस्य सचिव

(२) समितिले उपदफा (१) मा भएका सदस्यहरूका अतिरिक्त अन्य सरकारी निकाय वा संस्थाको प्रमुख वा प्रतिनिधि वा विशेषज्ञहरूलाई आवश्यकतानुसार समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) उपदफा (१) बमोजिम गठन भएको समितिको अध्यक्ष रिक्त रहेको अवस्थामा प्रदेश योजना आयोगका प्रदेश सचिवले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको सचिवालय आयोगमा रहनेछ। समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१९. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशसँग सम्बन्धित तथ्याङ्क सम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना, नीति तथा रणनीतिको मस्यौदा तर्जुमा गरी आयोग समक्ष पेस गर्ने,

(ख) प्रादेशिक तथा स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा समन्वय र सहजीकरण गर्ने,

(ग) प्रदेश तथ्याङ्क प्रणालीको विकास र तथ्याङ्क सम्बन्धी कार्यका लागि आवश्यक मापदण्ड तर्जुमा गर्न तथा कार्यान्वयनमा सहयोग गर्ने,

(घ) अन्तर निकाय तथ्याङ्क कार्य समूहको गठन गर्ने,

(ङ) तथ्याङ्क उत्पादकहरू बिच समन्वय कायम गर्ने र आवश्यकता अनुसार परामर्श दिने,

(च) तथ्याङ्क सम्बन्धी कार्यको विगतका काम कारबाहीको समीक्षा गरी आवश्यकता अनुसार सम्बन्धित निकायलाई सुझाव दिने,

(छ) तथ्याङ्क सम्बन्धी कार्यको वार्षिक कार्ययोजनाको मस्यौदा तर्जुमा गरी आयोग समक्ष पेस गर्ने र

(ज) प्रदेश तथा स्थानीय तहका लागि तथ्याङ्क सम्बन्धी मानव संशाधन विकास आवधिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कार्ययोजनाको मस्यौदा तर्जुमा गरी आयोग समक्ष पेस गर्ने।

२०. **अन्तर सरकारी निकाय तथ्याङ्क कार्य समूह गठन गर्न सक्नेः** (१) समिति वा आयोगले विषयगत तथा क्षेत्रगत तथ्याङ्क सङ्कलनको विधि, तथ्याङ्कमा पहुँच तथा तथ्याङ्क व्यवस्थापनमा समन्वय र एकरूपता कायम गर्न आवश्यकता अनुसार अन्तर सरकार तथा अन्तर निकाय तथ्याङ्क कार्य समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिने तथ्याङ्क कार्य समूहको काम, कर्तव्य र अधिकार त्यस्तो कार्य समूह गठन गर्दाका बखत समिति वा आयोगले तोके बमोजिम हुनेछ।

## परिच्छेद-६

## तथ्याङ्क सम्बन्धी प्रशासनिक व्यवस्था

२१. **तथ्याङ्क सम्बन्धी कार्य आयोगले गर्नेः** (१) यस ऐन बमोजिम प्रदेशको तथ्याङ्क सम्बन्धी कार्य गर्न र प्रदेश तथ्याङ्क प्रणाली स्थापनाको लागि प्रादेशिक केन्द्रीय निकायका रूपमा आयोगले कार्य गर्नेछ।

(२) आयोगमा तथ्याङ्क सम्बन्धी कार्य गर्न प्रदेश सरकारले आवश्यकता अनुसार महाशाखा तथा शाखाको स्थापना र कर्मचारीको व्यवस्थापन गर्नेछ।

(३) आयोगले तथ्याङ्क सम्बन्धी कार्य गर्दा नेपाल सरकारका निकाय, प्रदेशका मन्त्रालय वा कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय तहसँगको समन्वयमा कार्य गर्न सक्नेछ।

२२. **तथ्याङ्क सम्बन्धमा आयोगको काम, कर्तव्य र अधिकारः** यस ऐन तथा प्रचलित कानून बमोजिम प्रदेश तथ्याङ्क प्रणाली स्थापना तथा तथ्याङ्क सम्बन्धी कार्यका लागि आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश तथ्याङ्क प्रणालीको स्थापना, समुचित विकास, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने,

(ख) आयोगले सङ्कलन गर्नु पर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथा विषयगत तथ्याङ्क सम्बन्धी कार्यसञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(ग) प्रदेश सरकार र स्थानीय तहलाई योजना तर्जुमा तथा नीति निर्धारणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(घ) तथ्याङ्क सम्बन्धी सम्पूर्ण कार्य गरी अभिलेखको सुरक्षा गर्ने,

(ङ) तथ्याङ्क सम्बन्धी विवरण भौतिक तथा विद्युतीय रुपमा प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(च) प्रादेशिक तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,

(छ) नेपाल सरकारका निकाय वा स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क मध्ये आवश्यक तथ्याङ्क प्राप्त गरी प्रदेश तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,

(ज) राष्ट्रिय तथा प्रदेशस्तरमा तय भएको परिभाषा, अवधारणा, वर्गीकरण तथा अन्य विषयहरू लागु गर्ने तथा लागू गर्न सम्बन्धित सबैमा निर्देशन दिने,

(झ) प्रदेश सरकारका मन्त्रालय, मातहातका निकाय र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ञ) प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन सम्बन्धी विषयमा प्रदेश तथा स्थानीय तहमा तालिम, सेमिनार, गोष्ठि आयोजना गरी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ट) यस ऐन बमोजिम हुने तथ्याङ्क सम्बन्धी कार्यसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने,

(ठ) तथ्याङ्क सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणको कार्य गर्ने,

(ड) सरकारी निकाय वा सार्वजनिक संस्थाले माग गरेको तथ्याङ्क सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने,

(ढ) प्रदेशका मन्त्रालय तथा कार्यालय र स्थानीय तहमा तथ्याङ्क सम्बन्धी कार्य गर्ने कर्मचारीको क्षमता अभिवृद्धि गर्ने र

(ण) यस ऐन र प्रचलित कानून बमोजिम तथ्याङ्क सम्बन्धी अन्य कार्य गर्ने, गराउने।

२३. **<u>काममा लगाउन सकिने:</u>** (१) आयोगले यस ऐन बमोजिम गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी अन्य कार्यको लागि संघ, प्रदेश वा स्थानीय तहका कर्मचारी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी माग भई आएमा सम्बन्धित निकायले कर्मचारी खटाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम खटाइएको कर्मचारीलाई दिइने पारिश्रमिक तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिमको हुनेछ।

२४. **<u>करार सेवा तथा विशेषज्ञ सेवा लिन सकिने:</u>** (१) आयोगले कुनै गणना, सर्वेक्षण वा अन्य तथ्याङ्क सम्बन्धी कार्यका लागि प्रचलित कानुन बमोजिम करार सेवा तथा विशेषज्ञ सेवा लिन सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि **"विशेषज्ञ"** भन्नाले तथ्याङ्क सम्बन्धी विशेष अध्ययन, तालिम वा अनुभवबाट कुनै विषयमा ज्ञान प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले प्राकृतिक तथा कानुनी व्यक्तिलाई समेत जनाउँछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदान गर्ने व्यक्तिको पारिश्रमिक तथा अन्य सुविधा र सेवाको सर्त प्रदेश सरकारले तोके बमोजिमको हुनेछ।

## परिच्छेद-७

## कसुर र सजाय

२५. **कसुर र सजायः** (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम तथ्याङ्क सङ्कलन गर्ने कार्यमा अवरोध खडा गरेमा,

(ख) दफा ५ को उपदफा (४) वा दफा ६ को उपदफा (२) बमोजिम कुनै व्यक्तिगत तथा एकाइगत तथ्याङ्क सम्बन्धी जानकारी दिनु पर्ने कर्तव्य भएको कुनै व्यक्ति वा संस्थाले जानी-जानी त्यस्तो जानकारी नदिएमा वा दिन इन्कार गरेमा वा जानी जानी कुनै तथ्याङ्क सम्बन्धी झुट्टा जानकारी दिएमा,

(ग) दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र नलिई तथ्याङ्क सङ्कलन गरे वा गराएमा,

(घ) दफा ९ बमोजिम कार्यालयबाट प्रमाणित नगराई तथ्याङ्कको प्रयोग वा सोको नतिजा प्रकाशन गरेमा,

(ङ) आफ्नो जिम्मामा रहेको तथ्याङ्क, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख लापरबाही गरी वा जानी-जानी नष्ट गरे वा गराएमा वा अन्य किसिमबाट हानि नोक्सानी पुऱ्याएमा वा हानि नोक्सानी पुऱ्याउने प्रयत्न गरेमा,

आन्तरिक मामिला प्रदेश

(च) उपलब्ध तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख दफा १० विपरीत प्रयोग गरे वा गराएमा,

(छ) तथ्याङ्क सङ्कलक, उत्पादक र प्रयोगकर्ताले दफा १३ को उपदफा (२), (३) वा (४) बमोजिमको दायित्व पूरा नगरेमा,

(ज) दफा १४ विपरीत तथ्याङ्कको उपयोग वा प्रकाशन गरेमा,

(झ) यस ऐनको अधीनमा रही कसैलाई कुनै आदेश वा सूचना जारी भएकोमा कसैले त्यस्तो सूचना वा आदेश पालना नगर्नु भनी वा अधिकारप्राप्त अधिकारीबाट माग गरिएको कुनै तथ्याङ्क वा सूचना नदिनु वा उपलब्ध नगराउनु भनी प्रचार प्रसार गरे वा गराएमा वा त्यस्तो तथ्याङ्क वा सूचना नदिन दबाब दिएमा, वा

(ञ) यस ऐन विपरीत अन्य कुनै कार्य गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसुर गरेमा दश हजार रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख), (ज) वा (झ) बमोजिमको कसुर गरेमा प्रत्येक कसुरका लागि बिस हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसुर गरेमा चालिस हजार रुपैयाँसम्म जरिवाना, र

(घ) खण्ड (ञ) बमोजिमको कसुर गरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना।

(३) उपदफा (१) को खण्ड (ख) देखि (ञ) सम्मको कसुरमा कसूरको गाम्भीर्यता अनुसार कैद वा कैद र जरिबाना दुवै सजाय गर्नु परेमा उपदफा (२) को खण्ड (ख), (ग) र (घ) बमोजिमको जरिबाना वा प्रचलित कानून बमोजिम कैद वा दुवै सजाय हुनेछ।

(४) कुनै संस्थाले यस ऐन अन्तर्गतको कसुर गरेकोमा त्यस्तो कसुर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र पहिचान हुन नसकेकोमा कसुर गरेको बखत त्यस्तो संस्थाको प्रमुख भई काम गर्ने व्यक्तिलाई सजाय हुनेछ।

(५) यस ऐन बमोजिम सजाय हुने कसुरको उद्योग गर्ने, दुरुत्साहन गर्ने वा त्यस्तो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसुर मानिने रहेछ भने त्यस्तो कसुरमा सो कानून बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न बाधा पुगेको मानिने छैन।

२६. <u>सजाय गर्ने तथा मुद्दा हेर्ने अधिकारी र कार्यविधिः</u> (१) यस ऐन बमोजिम कसुर सम्बन्धी मुद्दाको सजाय गर्ने अधिकार आयोगको प्रदेश सचिवलाई हुनेछ।

(२) यस ऐन बमोजिम दायर भएको मुद्धाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम हुनेछ र उपदफा (१) बमोजिम प्रदेश सचिवबाट भएको निर्णय वा आदेशमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-८
## <u>विविध</u>

२७. समय तथा लागत प्रभावी किसिमबाट गर्नु पर्ने: (१) आयोग वा दफा ७ बमोजिमका सरकारी निकाय वा संस्थाले तथ्याङ्क सम्बन्धी कार्य गर्दा वा गराउँदा समय तथा लागत प्रभावी किसिमबाट गर्नु पर्नेछ।

(२) एकीकृत सूचना प्रणाली र विद्युतीय उपकरणको प्रयोग गरी उपलब्ध भएसम्म प्रशासनिक अभिलेख, नवीनतम स्रोत तथा अन्य प्रकाशित स्रोतबाट प्राप्त तथ्याङ्कको उपयोगलाई प्राथमिकता दिनु पर्नेछ।

२८. अधिकार प्रत्यायोजन: आयोगले यस ऐन बमोजिमको आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार आयोगको कुनै पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२९. संघीय कार्यालयसँग समन्वय गर्न सकिने: नेपाल सरकारको सम्बन्धित निकाय वा कार्यालयसँग समन्वय गरी यस ऐन बमोजिम तथ्याङ्क सम्बन्धी कार्यसम्पादन गर्न सकिनेछ।

३०. प्रचलित कानून बमोजिम हुने: यस ऐनमा उल्लिखित विषय बाहेक अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. नियम, निर्देशिका तथा कार्यविधि बनाउने अधिकार: (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आवश्यकता अनुसार तथ्याङ्क सम्बन्धी काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट प्रभावकारी, व्यवस्थित तथा मितव्ययी बनाउन प्रदेश सरकारले निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३२. ऐन कार्यान्वयन मापन: यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र आयोगले ऐन कार्यान्वयनको मापन गरी सोको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत कोशी प्रदेश सभाको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

३३. बचाउ: यो ऐन लागु हुनु भन्दा अघि प्रदेश सरकारका निकायबाट भएका तथ्याङ्क सम्बन्धी कार्यहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

३४. <u>बाधा अड्काउ फुकाउः</u> यस ऐन कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा ऐनको व्यवस्थाको अधीनमा रही प्रदेश सरकारले बाधा अड्काउ फुकाउ आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

प्रमाणीकरण मितिः- २०८१/०५/३०

**आज्ञाले,**
**राम प्रसाद आचार्य**
**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश



२४

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश